# जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रदेश नम्बर २, नेपाल

(कर्मचारी प्रशासन शाखा)

☎ ०१९७७-३३-५२०११६
५२००१५
५२००१४
Email: infoddcsiraha@gmail.com


पत्र संख्या :-२०७७/०७८
चलानी नंम्बर :- १५२

मितिः- २०७७/०९/१९

विषयः- <u>जन्मको आधारका नेपाली नागरिकका सन्तान सम्बन्धमा</u> ।

श्री स्थानीय तह सवै
सिरहा ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको च.नं. २७१३ मिति २०७७/०८/२४ को प्राप्त पत्रानुसार नेपाल संविधान (२०७२) को भाग २ को धारा ११ (३) मा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने नागरिकका सन्तानले वावु र आमा दुवै नेपालका नागरिकहरु रहेछन् भने निज बालिग भएपछि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । हाल नयाँ बन्ने नागरिकता ऐनको विधेयक संघीय संसदमा विचाराधीन रहेको र सो विधेयक पारित भई प्रमाणित भए पश्चात संवैधानिक व्यवस्था अनुरुप जन्मको आधारमा नेपाली नागरिकता लिएका नागरिक समेतको सन्तत्तीले बंशजको आधारमा नेपाली नागरिकता पाउने छन् ।

अतः २०७२ साल अघि नेपालको नागरिकता लिएका वावु र आमाका छोरा छोरीको हकमाः

- २०७२ साल अघिको वावु र आमाको नेपाली नागरिकता,
- छोरा छोरीको जन्म दर्ता वा जन्म मिति समेत खुल्ने शैक्षिक प्रमाण,
- स्थानीय तहले गरि दिएको नाता प्रमाण,

*<u>द्रष्टव्यः-</u> उपरोक्त व्यहोरा अनुसार प्रत्येक वडाहरुमा जानकारीको लागि सुचना प्रसारण समेत गरि दिन हुन अनुरोध छ ।*

२०७७/९/१९

सुजित कुमार यादव
नि.जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय अधिकारी

<u>बोधार्थः-</u>
श्री जिल्ला प्रशासन कार्यालय
सिरहा ।